# सन् १९९७ सालभन्दा पहिले अवकाश प्राप्त भू.पू. गोर्खाको यु.के बसोबास सम्बन्धि अद्यावधिक गरिएको अध्यागमन निति–५ अकटोबर २०२३

भू.पू. गोर्खा यदि यु.के. बसोबासको निम्ति आवेदन दिंदै हुनुहुन्छ भने तलका मापदण्ड पूरा भएको हुनुपर्छ।

- सन् १९९७ सालभन्दा पहिले अवकाश पाएका पूर्व गोर्खाहरुले कम्तिमा ४ वर्षको गणनायोग्य सेवा पूरा गरेको हुनुपर्छ ।
- यदि उनीहरुको सेवा अवधि ४ वर्ष भन्दा कम छ भने यु.के. को रक्षा मन्त्रालयद्वारा प्रदान गरेको अपांङ्गता पेन्सन वा वीरताको पदक प्राप्त गरेको प्रमाण हुनुपर्छ ।
- यदि पुर्व गोर्खा स्वीकृत विदा बिना गयल भएको (Absent without leave) साथै सेवा अभिलेख (Records of Service) पनि छैन भने सुरक्षण प्रमाणपत्र (Protecting Certificate) आवश्यक छ ।

<u>आश्रितहरुको निम्ति</u> ः

- भू.पू. गोर्खाको पत्नी, विधवा र उनीहरुको छोराछारीहरु पनि आवेदन दिन योग्य हुन्छन् ।
- वयस्क छोराछारीहरुको हकमा भने यदि बुबाले सेवाबाट अवकाश पाउने बेलामा उनीहरु १८ वर्ष भन्दा कम उमेरका थिए भने आवेदन दिन सक्छन् । साथै अवकाश पछि जन्मिएका सबैं छोराछोरीहरुले पनि यु.के. बसोबासको निम्ति आवेदन दिन सक्छन् ।
- छोराछोरीहरु भू.पू. तथा वहाँको श्रीमतीसंग एउटै घरमा बसेको हुनुपर्छ ।
- आवेदन दिने मिति भन्दा पहिले छोराछोरीहरु कुनै पनि समयमा आमा बाबा भन्दा छुट्टै घरमा लगातार २ वर्ष भन्दा धेरै समय बसेको हुनुहुदैन ।
- शिक्षा आर्जन वा अन्य यस्तै कारणले गर्दा एउटै घरमा नबसे पनि एकै परिवार (सगोल) मा बसेको प्रमाणित हन्छ भने लगातार २ वर्षभन्दा बढी अलग बसे पनि आवेदन दिन सक्छन् ।
- वयस्क छोराछारीहरुले आफ्नै स्वतन्त्र परिवार बनाएको हुनुहुदैन । अर्थात उनीहरु विवाहित हुनुहुदैंन
- यदि भू.पू. गोर्खा आज सम्म जीवीत भएको भए अनि आवेदन दिनको निम्ति योग्य हुने थिए भन्ने प्रमाणित भएमा उसको शोकसन्तप्त/अनाथ छोराछोरीहरुले समेत आवेदन दिन सक्छन् ।
- शोकसन्तप्त/अनाथ छोराछोरीहरुले आफनो बाबाआमाको मृत्यु भएको २ वर्ष भित्र आवेदन दिनुपर्छ। यसले बाबाआमा जिवित रहुन्जेल आवेदक छोराछोरीसंग २ वर्ष भन्दा बढी समय अलग बसेको छैन भन्ने देखाउँछ ।

  दुई मध्ये एक जना अभिभावक (बाबा वा आमा) २ वर्ष भन्दा पहिले मृत्यु भइसकेको र एक जना अभिभावक २ वर्ष भित्र मृत्यु भएको छ भने पनि छोराछोरीले आवेदन दिन सक्छन् । (उदाहरणको लागि यदि भू.पू. ७ वर्ष पहिला बितिसकेको छ र वहाँको श्रीमतीको एक वर्ष अगाडि मृत्यु भएको छ भने अनाथ छोराछोरीहरु आवेदन दिन योग्य हुन्छन् तर उनीहरु २ वर्ष भन्दा बढी बाबाआमासगं छुट्टिएर बसेको हुनुहुदैन ।

**नोट** ः आवेदकले यस अध्यागमन नियम अन्तर्गत आफनो योग्यता प्रदर्शन गर्न प्रशस्त कागजातहरु पेश गर्नुपर्छ । जसमा भू.पू. भर्ती हुदा तथा अवकाश पाउँदा प्राप्त गरेको प्रमाणपत्रहरु पनि पर्छन।

## अनिवार्य आवश्यकता ः

११ वर्षमुनिका बालबालिकाहरु बाहेक सबै आवेदकहरुले आफनो आवेदनको साथमा क्षयरोग नभएको प्रमाणपत्र पेश गर्नुपर्छ । उक्त प्रमाणपत्र एक पटक जारी भएपछि ६ महिनाको लागि मात्र मान्य हुन्छ । यो परिक्षण यु.के. को होम अफिसबाट अनुमोदित International Organization for Migration (I0M) को किलनिकबाट मात्र गराउनुपर्छ ।

## स्वीकृत (I0M) स्वास्थ्य केन्द्रहरु निम्नानुसार छन् ः

- बालवाटार, काठमाडौं, रुसी दुतावासको नजिक ०१-५९७०००१
- देवकोटा चोक, दमक ०२३-५८५२११/५८५२१३, विस्तार २२१
- नर्भिक अस्पताल काठमाडौं (अनलाइन बुकिङकको लागि norvichospital.com)

## अनलाइन पैसा तिर्नको निम्ति

१) यु.के. (UK) बैंकबाट तिर्ने

२) स्टयार्न्टर्ड चार्टर्ड बैकं नेपाल लिमिटेड (**Standard Chartered Bank Nepal Limited**) मार्फत तिर्ने

पुनरावेदन तथा प्रशासकिय पुनरावलोकनको अधिकार

यदि पेश गरेको निवेदन यो परिशिष्ट (सन १ जुलाई १९९७ अगाडि अवकाश प्राप्त भू.पू.) अन्तर्गत अस्वीकृत भए अनि Home Office बाट त्रुटी भएको छ भन्ने लागेमा आवेदकले प्रशासकिय पुनरावलोकनको माग गर्नसक्दछ।

## थप जानकारीको लागि तलका कार्यालयहरुमा सम्पर्क गर्नुहोस ।

| | |
|---|---|
| काठमाडौं | **गोर्खा सेटलमेन्ट अफिस**<br>टेलिफोन नं. : +९७७ १ ४२३५ ३२७, ०१ ४२३५ ३२९, ०१ ४२३५ ३२६<br>इमेल : bgn-vs-gso-groupmailbox@mod.gov.np |
| पोखरा | **GVAC पोखरा**<br>टेलिफोन नं. : +९७७ ६१ ५६७२५१/२३०<br>इमेल : BGN-VS-GVACP-GroupMailBox@mod.gov.np |
| धरान | **GVAC धरान**<br>टेलिफोन नं. : +९७७ २५ ५७९१८९/९०<br>इमेल : gvacdharan@bgp.com.np |
| बुटवल | **GVAC बुटवल**<br>टेलिफोन नं. : +९७७ ७१ ५९११३६/३७<br>इमेल : gvacbutwalmailbox@bgp.com.np |
| दार्जिलिङ्ग | **GVAC दार्जिलिङ्ग**<br>टेलिफोन नं. : +९१ ३५४ २२ ५४९६५/+९१ ९८३२० ३९६७९<br>इमेल : gvacdarjeelinggroupmailbox@gmail.com |